# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५७) काठमाडौं, पुस १६ गते २०६४ साल (संख्या ३७


## भाग ३

नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको

### सूचना

**पाटन संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६४**

पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "**पाटन संग्रहालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०६४**" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ को दफा २ मा संशोधन** : पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ (यसपछि "**मूल आदेश**" भनिएको) को दफा २ को खण्ड (ख) मा देहायको खण्ड (ख१) थपिएको छ :-

"**(ख१) कार्यकारी निर्देशक**" भन्नाले दफा ७ बमोजिम नियुक्त वा तोकिएको "**कार्यकारी निर्देशक सम्झनु पर्छ ।**"